# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, मंसिर २८ गते, २०८० साल (सङ्ख्या २१


# भाग २

## बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### <u>प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् नियमावली, २०८०</u>

<u>प्रस्तावना</u>: प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् ऐन, २०७५ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उप-समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित उप-समिति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रमुख कार्यकारी निर्देशक" भन्नाले परिषद्को प्रमुख कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले नियम २७ बमोजिम गठित समिति सम्झनु पर्छ।

३. **प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार**ः ऐनको दफा ९ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास तथा कार्यान्वयनका लागि संघीय र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(ख) श्रम बजारको आवश्यकताअनुसार निजी क्षेत्रसँग समन्वय गरी मागको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको कार्यक्रम सञ्चालन गर्ने,

(ग) राष्ट्रिय सीप प्रमाणीकरणका लागि स्तरीकृत सीप परीक्षण केन्द्रहरूको नियमन, सबलीकरण, जनशक्तिको क्षमता अभिवृद्धि तथा सीप परीक्षण गर्ने,

(घ) पूर्व सिकाईको मान्यता विधि (Recognition of prior learning-RPL) बाट जीवन पर्यन्त सिकाई (औपचारिक, अनौपचारिक तथा अतिरिक्त) बाट आर्जित सीपको परीक्षण तथा प्रमाणीकरण गर्ने,

(ङ) प्रचलित मापदण्डका आधारमा स्तर-निर्धारणसम्बन्धी कार्य गर्ने,

(च) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका प्रशिक्षकहरुको लागि प्रशिक्षक अध्यापन अनुमती (License) सम्वन्धी कार्य गर्ने,

(छ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय प्रारूपअनुसार बजारको माग समेतलाई अध्ययन गरी विषयक्षेत्र तथा पेशा पहिचान गरी पाठ्यक्रम विकास गर्ने,

(ज) प्रदेश तथा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बद्ध संस्थाहरुको संस्थागत क्षमता विकास गर्ने,

(झ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुका लागि छात्रवृत्ति नीति निर्माण गरी कार्यान्वयन गर्ने,

(ञ) तालिम तथा कार्यक्रममा सहभागीहरुको वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन गर्ने,

(ट) निजीक्षेत्रको सहभागितामा औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रम कार्यन्वयनका लागि पेशागत संघ वा महासंघसँग समन्वय तथा सीप विकास कार्यक्रम कार्यन्वयन गर्ने,

(ठ) तालिम प्रदायक संस्थाहरुलाई उनीहरुको क्षमताको आधारमा डिप्लोमा, प्रि-डिप्लोमा तहको सम्बन्धन तथा स्वीकृति दिने,

(ड) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालनका लागि दोहोरो शिक्षा प्रणाली (Dual Vet Approach) लाई प्राथमिकता तथा प्रोत्साहन गर्ने, र

(ढ) प्रदेश सरकारले समय समयमा निर्देशन गरेका कार्यहरू।

४. <u>प्रमुख कार्यकारी निर्देशकको नियुक्ति, सेवा सर्त र सुविधा</u>ः (१) प्रमुख कार्यकारी निर्देशक परिषद्को पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रमुख कार्यकारी निर्देशको छनोट गर्दा लिने आधारहरू अनुसूची-१ बमोजिम हुनेछन् र कार्यकारी निर्देशकको सिफारिस गर्न सचिवको संयोजकत्वमा मन्त्रालयले मनोनयन गरेका सम्बन्धित क्षेत्रका दुई जना विज्ञ सदस्यहरू सहितको तीन सदस्यीय समिति रहनेछ।

(३) प्रमुख कार्यकारी निर्देशकको पदावधि नियुक्तिको मितिले पाँच वर्षको हुनेछ।

(४) प्रमुख कार्यकारी निर्देशकले परिषद्को कामको सिलसिलामा प्रदेश बाहिर भ्रमण गर्नु पर्दा मन्त्रालयबाट र नेपाल बाहिर भ्रमण गर्दा प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(५) प्रमुख कार्यकारी निर्देशकले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरु तलब स्केल बराबरको पारिश्रमिक र कार्यालय कामको सिलसिलमा भ्रमण गर्दा नियमानुसारको दैनिक भ्रमण भत्ता पाउनेछ।

(६) परिषद्ले प्रमुख कार्यकारी निर्देशकलाई सवारी साधन, चालक र मासिक एक सय लिटर इन्धन सुविधा उपलब्ध गराउनेछ।

(७) प्रमुख कार्यकारी निर्देशकलाई यस नियमावलीमा तोकिए बाहेकको अन्य कुनै पनि प्रकारको प्रोत्साहन भत्ता लगायत थप सुविधाहरू दिईने छैन।

५. **<u>प्रमुख कार्यकारी निर्देशकले पाउने बिदा</u>**ः प्रमुख कार्यकारी निर्देशकले देहायको बिदा देहायबमोजिम पाउनेछः-

(क) भैपरी तथा पर्व बिदा वर्षभरिमा जम्मा बाह्र दिन,

(ख) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(ग) प्रसूति बिदा (प्रमुख कार्यकारी निर्देशक महिला भएमा) सेवा अवधिभर सुत्केरी अघि वा पछि गरी अन्ठानब्बे दिन,

(घ) प्रमुख कार्यकारी निर्देशकको पत्नी सुत्केरी हुने भएमा सेवा अवधिभर बढीमा दुई पटकसम्म निजले

सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ,

(ङ) आफ्नो कुल धर्म अनुसार प्रमुख कार्यकारी निर्देशक आफैं किरिया बस्नु परेमा निजले बढीमा पन्ध्र दिन किरिया बिदा पाउनेछ,

(च) यस नियमबमोजिम प्रमुख कार्यकारी निर्देशकले पाउने भैपरी तथा पर्व बिदा र बिरामी बिदा सञ्चित हुने छैन,

(छ) प्रमुख कार्यकारी निर्देशकले भैपरी र पर्व बिदा आफैं स्वीकृत गर्न सक्नेछन्।

तर अन्य बिदा लिनु परेमा प्रमुख कार्यकारी निर्देशकले मन्त्रालयको सचिवबाट बिदा स्वीकृत गराउनु पर्नेछ।

६. **सम्बन्धनको लागि निवेदन दिनुपर्ने:** (१) परिषद्सँग सम्बन्धन लिई निजी क्षेत्रमा संस्था सञ्चालन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि नियम ९ बमोजिमको प्रक्रिया पूरा गरी परिषद्ले निर्धारण गरेको ढाँचा र निर्धारित दस्तुर संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ।

७. **अस्थायी स्वीकृति दिन सक्ने:** नियम ६ बमोजिम परेको निवेदन र सो साथ संलग्न अन्य कागजात जाँचबुझ गर्दा निवेदकलाई संस्था सञ्चालन गर्ने स्वीकृति दिन उपयुक्त देखिएमा परिषद्ले परीक्षणको रूपमा दुई वर्षको लागि अस्थायी स्वीकृति दिन सक्नेछ।

८. **स्थायी स्वीकृति दिन सक्ने**: नियम ७ बमोजिम अस्थायी स्वीकृति प्राप्त गरेका संस्थाले दुई वर्षभित्र परिषद्ले तोकेबमोजिमका सम्पूर्ण सर्तहरू पूरा गरेको देखिएमा परिषद्ले यस्ता संस्थालाई स्थायी स्वीकृति दिन सक्नेछ।

९. **धरौटीसम्बन्धी व्यवस्था**: (१) नियम ६ बमोजिम संस्था सञ्चालन गर्न स्वीकृति लिन चाहेमा व्यक्तिले देहायबमोजिमको रकम परिषद् समक्ष धरौटी राख्नु पर्नेछः-

(क) जुनियर टेक्निसियन वा पोलिटेक्निकसम्बन्धी तालिम सञ्चालन गर्नका लागि क्रमशः सात लाख र बाह्र लाख रुपैयाँ,

(ख) खण्ड (क) मा लेखिए बाहेक अन्य प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्नको लागि एक लाख रुपैयाँ।

१०. **स्वीकृति रद्द गर्न निवेदन दिनु पर्ने**: (१) स्वीकृति प्राप्त गरेको संस्थाले संस्था सञ्चालन गर्न नचाहेमा वा त्यस्तो संस्था सञ्चालन गर्न नसकेमा कारण देखाई आफूले पाएको स्वीकृति रद्द गर्नको लागि परिषद्को कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा परिषद्ले आवश्यकतानुसार सो संस्थाको निरीक्षणसमेत गराई निवेदकको मागबमोजिम निजले पाएको स्वीकृति रद्द गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदकले पाएको स्वीकृति रद्द हुने भएमा त्यस्तो संस्थामा अध्ययनरत प्रशिक्षार्थीहरूलाई सोही प्रकृतिका अन्य तालिम प्रदायक संस्थाबाट तालिम सम्पन्न गराउनु पर्नेछ।

११. **परिषद्ले स्वीकृति स्थगन वा रद्द गर्न सक्ने**: (१) नियम ८ बमोजिम स्वीकृति प्राप्त गरेको कुनै संस्थाले ऐन तथा नियमावली विपरित कुनै काम गरे गराएमा वा परिषद्को निर्देशन पालना नगरेमा परिषद्ले त्यस्तो संस्थाबाट सञ्चालित कुनै तालिमलाई केही समयको लागि सञ्चालन गर्न नपाउने गरी स्थगन गर्न वा त्यस्तो संस्थाले पाएको स्वीकृति रद्द गर्न सक्नेछ।

(२) कुनै संस्थाले नियम ९ को उपनियम (१) बमोजिमको धरौटी रकम परिषद्मा जम्मा नगरेमा परिषद्ले त्यस्तो संस्थाको स्वीकृति रद्द गरी सो सूचना सार्वजनिक गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम कुनै संस्थाले तालिम सञ्चालन गर्न नपाउने भएमा सो तालिमको लागि वा संस्थाको स्वीकृति नै रद्द भएमा सो संस्थाले कुनै पनि तालिम दिनको लागि नयाँ प्रशिक्षार्थी भर्ना गर्न पाउने छैन।

तर भर्ना भइसकेको प्रशिक्षार्थीहरुको तालिम पूरा नभएको भए त्यस्तो बाँकी तालिम सोही संस्थाको खर्चमा अन्य संस्थाबाट पूरा गराउनु पर्नेछ।

(४) नियम १० बमोजिम स्वीकृति रद्द भएमा वा उपनियम (१) वा (२) बमोजिम स्वीकृति स्थगन वा रद्द भएमा संस्थाले भर्ना भएको प्रशिक्षार्थीहरूको बाँकी तालिम पूरा नगराएमा त्यस्तो संस्थाले परिषद्मा राखेको धरौटी रकम फर्ता पाउने छैन र त्यस्तो संस्थाको स्वीकृति स्थगनसम्म भएको भए रद्दसमेत हुनेछ।

(५) यस नियमबमोजिम संस्थाको स्वीकृति स्थगन वा रद्द गर्नु अघि परिषद्ले त्यस्तो संस्थालाई सफाई पेस गर्न उचित मौका दिनु पर्नेछ।

१२. **परिषद्ले तालिम पूरा गराउन सक्ने**: नियम ११ बमोजिम स्वीकृति स्थगन वा रद्द भएका संस्थामा भर्ना भएका कुनै प्रशिक्षार्थीको त्यस्तो संस्थाको स्वीकृति स्थगन वा रद्द हुँदा कुनै तालिम पूरा भएको रहेनछ र सो तालिम त्यस्तो संस्थाले पूरा नगरी दिएमा त्यसता प्रशिक्षार्थीको बाँकी रहेको तालिम सो संस्थाले परिषद्मा राखेको धरौटी रकमले पुगेसम्म परिषद्ले वा अन्य संस्थाबाटसमेत गराउने व्यवस्था गर्न सक्नेछ।

१३. **भौतिक सुविधा, पाठ्यक्रम तथा प्रशिक्षकसम्बन्धी व्यवस्था**: संस्थाले कुनै तालिम सञ्चालन गर्नको लागि देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) अध्ययन, अध्यापन, स्थलगत अभ्यास, शारीरिक विकास, पुस्तकालय आदिको लागि स्वीकृत मापदण्डअनुसारको भौतिक सुविधा,

(ख) परिषद्ले विकास गरेका पाठ्यक्रमको आधारमा तालिमको सञ्चालन र

(ग) परिषद्ले तोकेको योग्यता र सङ्ख्याको आधारमा प्रशिक्षक र प्रशिक्षार्थीहरुको व्यवस्था।

१४. **परिषद्ले परीक्षा सञ्चालन गर्नेः** (१) संस्थाद्वारा सञ्चालित तालिमको अन्तिम परीक्षा परिषद्ले सञ्चालन गर्नेछ।

(२) उपनियम (१) बमोजिम परीक्षा सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित संथाले व्यहोर्नु पर्नेछ।

१५. **सञ्चालक समितिमा प्रतिनिधि हुनुपर्नेः** संस्थाको सञ्चालक समितिमा परिषद्ले तोकेको एक जना प्रतिनिधि हुनुपर्नेछ।

१६. **लेखापरीक्षण र प्रगति प्रतिवेदन परिषद्मा पठाउनुपर्नेः** (१) संस्थाले आर्थिक वर्षभरिको आफ्नो आम्दानी र खर्च स्वीकृति लेखा परीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्मा पठाउनु पर्ने।

(२) संस्थाले आफ्नो वार्षिक कार्यक्रमको त्रैमासिक प्रगति विवरण परिषद्मा पठाउनु पर्नेछ।

१७. **निरीक्षण गर्न सक्नेः** (१) परिषद्ले संस्थाको कुनै कामकारबाहीको सम्बन्धमा निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम परिषद्बाट निरीक्षण गर्न आउने व्यक्तिलाई आवश्यक सहयोग गर्नु संस्थाको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिम निरीक्षणको सिलसिलामा परिषद्बाट खटिई आएको व्यक्तिले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१८.** **परिषद् जवाफदेही नहुने**: संस्थाले आफ्नो कामकारबाहीको सिलसिलामा गरेको कुनै आर्थिक तथा प्रशासनिक कारोबारका सम्बन्धमा परिषद् जबाफदेही हुने छैन।

**१९.** **सीप प्रमाणिकरणसम्बन्धी व्यवस्थाः** (१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्नको लागि देहायको सीप परीक्षण समिति गठन हुनेछः-

(क) प्रमुख कार्यकारी निर्देशक, परिषद् -अध्यक्ष

(ख) परिषद्ले मननोयन गरेको उप-प्रध्यापक, इन्जिनरिङ्ग क्याम्पस वा अधिकृतस्तर नवौं सरहको इन्जिनियरिङ्ग क्षेत्रको व्यक्ति -सदस्य

(ग) महाशाखा प्रमुख, (शिक्षा हेर्ने) मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, परीक्षा तथा सिफारिस महाशाखा, प्रदेश लोक सेवा आयोग -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, श्रम तथा रोजगारक्षेत्र हेर्ने प्रदेशको श्रम तथा रोजगार हेर्ने मन्त्रालय -सदस्य

(च) अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ, बागमती प्रदेश -सदस्य

(छ) अध्यक्ष, निर्माण व्यावसायी महासंघ, बागमती प्रदेश नेपाल -सदस्य

(ज) निजीस्तरमा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाहरूमध्येबाट परीक्षण समितिद्वारा मनोनित एकजना -सदस्य

(झ उद्योगपति तथा उद्योग व्यावसायसँग प्रत्यक्ष सरोकार भएका व्यक्तिहरुमध्येबाट परीक्षण सिमितिद्वारा मनोनित कम्तीमा एक महिलासहित दुईजना -सदस्य

(ञ) प्रतिनिधि, स्तरिकृत सीप परीक्षण केन्द्र, -सदस्य

(ट) कार्यालय प्रमुख, परिषद्को कार्यालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) समितिले कुनै सीप परीक्षण समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) परिषद्को सीप परीक्षण शाखाले परीक्षण समितिको सचिवालयका रुपमा काम गर्नेछ।

२०. **<u>परीक्षण समितिको बैठकसम्बन्धी कार्यविधिः</u>** (१) परीक्षण समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) परीक्षण समितिको कूल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) परीक्षण समितिको बैठकको अध्यक्षता परीक्षण समितिको अध्यक्षले गर्नेछ।

(४) परीक्षण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(५) परीक्षण समितिको निर्णय परीक्षण समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(६) परीक्षण समितिको बैठकसम्बन्धी अन्य कार्यविधि परीक्षण समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **<u>परीक्षण समितिको काम, कर्तव्य र अधिकार</u>**ः परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सीपको दक्षता वर्गीकरण गर्न, प्रमाणिका बनाउन र परीक्षण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्न

प्रदेशस्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने,

(ख) गार्हस्व वा औद्योगिकक्षेत्रमा विभिन्न व्यवसाय, सेवा, पेशा वा सेवाको लागि चाहिने सीपको दक्षताको माग र खपतको सम्बन्धमा अनुसन्धान गर्ने गराउने,

(ग) सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीप स्तरअनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेसिफिकेशन) सहित राष्ट्रिय सीप प्रमाणिकाको मस्यौदा तर्जुमा गर्ने,

(घ) वर्गीकृत स्तरअनुसार सीपको दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(ङ) जीवन पर्यन्त सिकाईबाट प्राप्त सीपको पहिचान, वर्गीकरण तथा परीक्षण र प्रमाणीकरण गर्ने,

(च) सीप परीक्षणसम्बन्धी शुल्क निर्धारण गर्ने,

(छ) परिषद्समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने,

(ज) राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गरी सीप परीक्षणलाई व्यवस्थित गर्ने।

२२. **<u>सीप स्तर निर्धारणसम्बन्धी व्यवस्थाः</u>** सीपको दक्षताको स्तर निर्धारण गर्नको लागि सञ्चालन गरिने परीक्षा र तत्सम्बन्धी अन्य आवश्यक कामकारबाहीको व्यवस्था एवं सफल परीक्षार्थीहरुलाई प्रदान गरिने प्रमापत्रको ढाँचा परिषद्ले तोकेबमोजिम हुनेछ।

२३. **<u>प्राविधिक उपसमिति गठनः</u>** (१) राष्ट्रिय सीप प्रमाणिकाबमोजिम सीप परीक्षा तथा प्रमाणीकरण एवं तत्सम्बन्धी अन्य कार्य गर्न परिषद्ले आवश्यकतानुसार प्राविधिक वा विशेषज्ञहरुको सहभागितामा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजमिको प्राविधिक वा विशेषज्ञ उपसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि परिषद्ले तोकेबमोजिम हुनेछ।

२४. **<u>औद्योगिक प्रशिक्षार्थी तालिम समितिको गठनः</u>** (१) सरकारी तथा गैर सरकारी औद्योगिक प्रतिष्ठानद्धारा सञ्चालन हुने आधारभूत एवं सीप अभिवृद्धि तालिम कार्यक्रमको आवश्यक व्यवस्थापनका लागि परिषद्ले देहायबमोजिम तालिम समिति गठन गर्नेछः-

(क) प्रमुख कार्यकारी निर्देशक, परिषद् -अध्यक्ष

(ख) कार्यालय प्रमुख, परिषद् -सदस्य

(ग) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) प्रतिनिधि, श्रम हेर्ने मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, उद्योग हेर्ने मन्त्रालय -सदस्य

(च) प्रतिनिधि, इन्जिनियरिङ्ग विषय सञ्चालन हुने विश्वविद्यालय/क्याम्पस -सदस्य

(छ) कारखाना तथा औद्योगिक प्रतिष्ठानका प्रतिनिधिहरुमध्ये अध्यक्षबाट मनोनीत दुई जना -सदस्य

(झ) औद्योगिक तथा श्रमसम्बन्धी विशेषज्ञहरूमध्ये अध्यक्षबाट मनोनीत एक जना -सदस्य

(ञ) प्रमुख, तालिम हेर्ने शाखा, परिषद् -सदस्य सचिव

(२) परिषद्को सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तालिम समितिका सदस्यहरुको सङ्ख्यामा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (च), (छ), (ज) र (झ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) समितिले आवश्यकतानुसार विशेषज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

२५. **तालिम समितिको बैठकसम्बन्धी कार्यविधिः** (१) तालिम समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) तालिम समितिको कूल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा तालिम समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिन्छ।

(३) तालिम समितिको बैठकको अध्यक्षता तालिम समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) तालिम समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(५) तालिम समितिको निर्णय तालिम समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(६) तालिम समितिको बैठकसम्बन्धी अन्य कार्यविधि तालिम समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

२६. **<u>तालिम समितिको अन्य काम, कर्तव्य र अधिकारः</u>** तालिम समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आवश्यक पाठ्यक्रम तयार गर्ने,

(ख) तालिम कार्यक्रमको स्तरीकरण गर्ने र समन्वय कायम गर्ने,

(ग) तालिमका सहभागीहरूले गर्नुपर्ने कार्यको निर्धारण गर्ने,

(घ) सहजकर्ताहरूले गर्नुपर्ने कार्यको निर्धारण गर्ने, र

(ङ) अन्य आवश्यक कार्यहरू गर्ने।

२७. **<u>उपसमितिको गठनः</u>** परिषद्ले आफ्नो काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न आवश्यकतानुसार निश्चित कार्यका लागि विषय क्षेत्रबमोजिम उपसमिति गठन गर्न सक्नेछ र उपसमितिले प्रदेश सरकारबाट स्वीकृत बैठक भत्ता र यातायात खर्च पाउनेछन् तर मासिक तलब भने पाउने छैनन्।

२८. **<u>आय व्ययको विवरण राख्नु पर्नेः</u>** (१) परिषद्बाट सम्बन्धन लिएका संस्थाले आम्दानी र खर्च गरेको रकमको आय व्ययको विवरण राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण परिषद्ले तोकेको समयभित्र परिषद्समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम संस्थाले राखेको आय व्ययको विवरण परिषद्ले जुनसुकै समयमा जाँच गर्न गराउन सक्नेछ।

(४) परिषद्ले उपनियम (३) बमोजिम संस्थाको आय व्ययको विवरण जाँच गर्दा कुनै अनियमितता वा हिनामिना भएको देखिएमा त्यसरी अनियमित वा हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट प्रचलित कानूनबमोजिम असुलउपर गर्नेछ।

२९. **<u>आचरणसम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्, प्रमुख कार्यकारी निर्देशक, समिति, उप-समितिमा नियुक्त तथा मनोनयन हुने पदाधिकारीहरुले देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) पदाधिकारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारीता र तत्परताका साथ पालना गर्ने,

(ख) संस्थाभित्र र बाहिर उचित र आदरपूर्ण व्यवहार गर्ने,

(ग) आफ्नो जिम्मेवारीसम्बन्धी विषयमा गलत मनसायले कसैमाथि अवाञ्छनीय प्रभाव नपार्ने,

(घ) पूरा समय काम गर्ने पदाधिकारीले राजनीतिमा भाग नलिने,

(ङ) सरकारको नीति विपरीत हुने गरी कुनै गतिविधि नगर्ने,

(च) आफूलाई अख्तियारी नभएका विषयमा आफूलाई जानकारीमा आएको सरकारी कामकाजसम्बन्धी विषयहरु अनाधिकृतरुपमा प्रचारप्रसार नगर्ने नगराउने,

(छ) आफ्नो जिम्मेवारीको कामलाई असर पर्न सक्ने गरी आफू र परिवारका कुनै सदस्यबाट कुनै प्रकारको उपहार, कोसेली, सापटी, चन्दा नलिने, लिन नदिने,

(ज) पूरा समय काम गर्ने पदाधिकारीले आफ्नो पदावधिमा कुनै पनि राजनीतिक वा संस्थागत पदको लागि हुने निर्वाचनमा उम्मेदवार नहुने वा मत नमाग्ने,

(झ) पदाधिकारीले यौनजन्य दुर्व्यवहार र घरेलु हिंसासम्बन्धी कार्य नगर्ने,

(ञ) आफ्नो पदीय जिम्मेवारीलाई निष्पक्ष, स्वच्छ, छिटो छरितो तथा शिष्टतापूर्वक परिपालना गर्ने,

(ट) आफ्नो सेवा र पद अनुकूलको मर्यादित आचरणमा रही सार्वजनिक सम्पतिको संरक्षण र उपयोगमा उचित व्यवहार प्रर्दशन गर्ने,

(ठ) ऐन तथा यस नियमावलीबमोजिम तोकिएको जिम्मेवारी तोकिएको समयमा नै पूरा गर्ने।

(२) यस नियम विपरीत आचरणको कार्य गर्ने गराउने परिषद्, प्रमुख कार्यकारी निर्देशक, समिति, उप-समितिमा नियुक्त हुने तथा मनोनयन हुने पदाधिकारीहरुलाई ऐनबमोजिम निर्धारित कारबाही हुनेछ।

(३) ऐनबमोजिम परिषद्, प्रमुख कार्यकारी निर्देशक, समिति, उप-समितिमा नियुक्त हुने तथा मनोनयन हुने पदाधिकारीहरुलाई आचरणसम्बन्धी कारबाही गरी पदबाट हटाउँदा यस नियममा उल्लिखित आचरणलाई आधार मान्नु पर्नेछ र मनासिब माफिकको स्पष्टीकरणको मौका दिनुपर्नेछ।

३०. **संगठन संरचना**: परिषद्को संगठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गरेबमोजिम हुनेछ र परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

३१. **परिषदको खाता सञ्चालनः** परिषद्को खाता सञ्चालन परिषद्को कार्यालय प्रमुख र लेखासम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

३२. **अधिकार प्रत्यायोजनः** परिषद्ले ऐन तथा नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार सबै वा केही अधिकार परिषद्को अध्यक्ष, समिति सदस्य, प्रमुख कार्यकारी निर्देशक वा परिषद्को कार्यालय प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. **बैठक भत्ताः** (१) परिषद्का अध्यक्ष र सदस्य तथा समिति वा उपसमितिका संयोजक र सदस्यहरुले बैठकमा भाग लिएबापत प्रचलित नियमानुसारको बैठक भत्ता पाउनेछन्।

३४. **शपथ ग्रहणसम्बन्धी व्यवस्थाः** ऐनको दफा ३ बमोजिमको मनोनीत सदस्यले कार्यभार सम्हाल्नु अघि परिषद्को अध्यक्षसमक्ष अनुसूची- २ मा तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

३५. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सक्नेः** परिषद्ले ऐन तथा यस नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकारको प्रयोगको लागि आवश्यकतानुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

## अनुसूची- १

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

## प्रमुख कार्यकारी निर्देशकको पदमा उम्मेदवार सिफारिस गर्दा लिइने आधारहरू

### १. शैक्षिक योग्यताबापत २५ अङ्क

| क.स. | तह | श्रेणी | | |
|---|---|---|---|---|
| | | प्रथम | द्वतीय | तृतिय |
| १. | स्नातकोत्तर | २० | १५ | १० |
| २. | अतिरिक्त शैक्षिक योग्यता | पिएच.डी. -५ | | |

### २. अनुभवबापत २० अङ्क

तोकिएको विषयक्षेत्र वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा अधिकृत नवौं/दशौं वा सो सरहको पदमा काम गरेवापत प्रत्येक वर्षको लागि २.५ अङ्कको दरले बढीमा २० अङ्क दिइनेछ।

### ३. परिषद्को व्यावसायिक कार्ययोजनाबापत २० अङ्क

| क.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | विद्यमान अवस्था | २ |
| २. | विद्यमान अवस्था रहनुको कारण र त्यसको विश्लेषण | २ |
| ३. | विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र चुनौतीहरुको गहन विश्लेषण (SWOT Analysis ) | ३ |
| ४. | रणनैतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान | ३ |
| ५. | सुधार योजना | १० |
| | (क) गुणस्तरीय सेवा एवं सेवाको प्रभावकारिता | |
| | (ख) सम्पत्ति आर्जन एवं उपयोग | |
| | (ग) परिषद्को नियम कार्य | |
| | (घ) संस्थाहरुको सुदृढीकरण | |

| | | |
|---|---|---|
| | (ङ) प्रदेश प्रविधिक व्यावसायिक र तालिमको विकास र विस्तार | |
| | (च) परिषद् तथा सम्बद्ध संस्थाहरूको पारदर्शिता एवं जवाफदेहिता | |
| | (छ) सुधारका अन्य विषयहरु | |

## ४. कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता बापत ३५ अङ्क

| क.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १ | प्रस्तुति | ३ |
| २ | विषयवस्तुको ज्ञान (कार्ययोजना र प्रस्तुतिको सामञ्जस्यता) | ६ |
| ३ | संस्थागत सुधारका कार्यक्रहरूमा स्पष्टता र विश्लेषण क्षमता | १३ |
| ४ | प्रस्तुतिको शैली, भाषा, आत्मविश्वास र व्यक्तित्व | ७ |
| ५ | अभिव्यक्तिको स्तर, तार्किक क्षमता र वस्तुनिष्ठता | ६ |
| | जम्मा | ३५ |

**द्रष्टव्यः**

(१) ऐनको दफा ४ को खण्ड (ख) बमोजिमको विषयसँग सम्बन्धित शैक्षिक योग्यतालाई मात्र अङ्क दिइनेछ।

(२) शैक्षिक योग्यताको श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क दिइनेछ।

(३) अतिरिक्त शैक्षिक योग्यताबापत माथिल्लो कुनै एक शैक्षिक योग्यताको मात्र अङ्क दिइनेछ।

# अनुसूची- २

(नियम ३४ सँग सम्बन्धित)

## शपथ

म ..................................................................(शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठतापूर्वक प्रतिज्ञा गर्छु ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्को ......................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति वफादार रही भय, पक्षपात वा द्धेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्नेको**

नामः

दस्तखतः

मितिः

पदः

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको**

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः

**आज्ञाले,**

**डा. भीष्मकुमार भूसाल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू. १५।-